खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

आ.ब. २०८०/०८१

## औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र /आह्बानको सूचना

(दोश्रो पटक प्रकाशित मितिः२०८०/०९/१७ गते)

यस खडक नगरपालिकाको लागी आवश्यक औषधीहरु सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक ब्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही चालु आ.ब.२०८०/०८१ को लागी रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्बान गरिएको छ। तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO)को वेवसाइट https;//bolpatra.gov.np/egp गई बिधुतिय खरिद प्रणालिबाट बोलपत्र प्रस्ताव दर्ता/ गर्न हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागी यस खडक नगरपालिकाको सूचना पाटी, वेवसाइट www.khadakmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१) विधितिय खरिद प्राणालीबाट बिधुतिय वोलपत्र प्रस्ताव https;//bolpatra.gov.np/egp मा गई यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म Electronically bid खरिद गर्न सकिने छ र रिक्त पुर्वक खरिद गरिएको दरभाउ पत्र १६ औ दिनको दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ र सोहि दिन अपरान्ह दिनको २:०० बजे खडक नगरपालिकाको कार्यलायमा खोलिने छ। यस कार्यालयबाट ( Hard copy ) बिक्रि गरिने छैन।

२) दरभाउपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक शाखा कार्यालय कल्याणपुर, ससरीमा रहेको आन्तरिक राजश्व शाता नं. ११०३७०१५०८००४१०१ मा दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्ने छ।

३) दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

४) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

५) सिलवन्दी दरभाउपत्र साथ रु.५०,०००।– (अक्षरेपी पचास हजार मात्र)बराबरको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक, शाखा कार्यालय कल्याणपुर, ससरीमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा जम्मा गरेको भौचर वा मान्याता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउपत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (विडबन्ड) पेश गर्नुपर्नेछ।

६) औषधी खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टीक बोतलमा भएको हुनुपर्नेछ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ।

७) खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म Manufacturing date बाट Expiry date कम्तीमा ७५% बाँकी हुनु पर्नेछ। सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन।

८) सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

९) कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्ने सकिने छ।

१०) अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागी यस खडक नगरपालिकाको कार्यलायमा सम्पर्क गर्न सकिने छ।

११) यस सूचानमा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली,२०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

तपसिल

| सि.न. | ठेक्का नं. | बिबरण | लागत अनुसामान (मू.अ.कर सहित)रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकमरु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | KHDK/SQ/G/H/01/080/81 | Supply and Delivery of Medical Items | 1965000/00 | 1000/00 | 50000/00 | |

प्रमुख प्रशासकीय अधिकृत

हरेन्द्र कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत